दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ०५ | बुटवल | २०८१ पौष १५, गते सोमबार | नेपाल संवत ११४५ | Monday Dec.30, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**उपभोक्ता हकको रक्षा गरौं**

-खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराख्नु,
-मिति/म्याद समाप्त भएको वस्तु बिक्री गर्नु,
-कुनै पनि वस्तुको कृतिम अभाव सिर्जना गर्नु,
-अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु,
-खाद्य पदार्थमा अखाद्य रंग वा पदार्थको प्रयोग गर्नु,
-जस्ता कार्य उपभोक्ताको हकमा विरुद्धका कार्य हुन्,
यस्ता कार्य कानून बमोजिम दण्डनीय भएकोले त्यस्ता कार्य नगरौं, नगराऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड


# भैरहवा भन्सारमा राजस्व संकलन कमजोर : पाँच महिनामा लक्ष्यको ३५ प्रतिशत मात्रै

**मोहम्मद हबिब**

*भैरहवा*



मुलुककै दोस्रो ठूलो र लुम्बिनी प्रदेशको पहिलो भन्सार नाका भैरहवा भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा कुल लक्ष्यको ३५ प्रतिशत लक्ष्य पार गरेको छ । यस वर्षको असोजमा तीन वर्षपछि राजस्व लक्ष्य पार गरेको कार्यालयले अन्य महिनामा भने तोकेको लक्ष्य पार गर्न सकेन । साउनमा ८३ दशमलव ५४ प्रतिशत, भदौमा ९० प्रतिशत, असोजमा १०० दशमलव २९ प्रतिशत, कार्तिकमा ८३ दशमलव १७ प्रतिशत र मंसिरमा ८२ दशमलव १७ प्रतिशत राजस्व संकलन गरेको हो । २०७८ पुस ५ गतेबाट नेपाल राष्ट्र बैंकले १८ वटा शीर्षकका विलासिताका वस्तुहरुको आयातमा अनिवार्य प्रतित पत्र (एल.सी.) खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नु पर्ने व्यवस्था गरेसँगै आयातमा कमि हुँदै आएको थियो, २०८१ को भदौ महिनासम्म पनि कार्यालयले विभागबाट पाएको लक्ष्य पार गर्न सकेको थिएन । असोज महिनामा भन्सार विभागले दिएको लक्ष्य पार गरे पनि कार्तिक र मंसिरमा लक्ष्य पार हुन नसकेको भैरहवा भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले बताए ।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८१/०८२ का लागि एक खर्ब ९ अर्ब ३३ करोड २२ लाख ५२ हजार राजस्व संकलन लक्ष्य दिएकोमो चालु आर्थिक वर्षको ५ महिनामा ३९ अर्ब १६ करोड ४६ लाख २५ हजार रुपैयाँ संकलन गरेको हो । संकलित राजस्व कुल लक्ष्यको ३५ दशमलव ८३ प्रतिशत रहेको छ ।

कार्यालयलाई भन्सार विभागले आर्थिक वर्ष २०८०/८१ का लागि एक खर्ब २७ अर्ब ८३ करोड ६६ लाख ७९ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ६३ दशमलव २४ प्रतिशत, आर्थिक वर्ष २०७९/८० का लागि एक खर्ब ५५ अर्ब ६० करोड ३८ लाख ७९ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ४९ दशमलव ४१ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा एक खर्ब २७ अर्ब ४२ करोड ६८ लाख २५ हजार राजस्व संकलन लक्ष्य दिएकोमा ९० दशमलव ९४ प्रतिशत मात्रै राजस्व संकलन भएको थियो ।

भन्सार विभागले लक्ष्य पार नभए पनि चालु वर्षका लागि विगतको वर्षभन्दा केही लक्ष्य घटाएको छ । कार्यालयका अनुसार यस नाकाबाट पछिल्लो ५ महिनामा भित्रिने मुख्य १० वस्तुमा मोटरसाइकल, जीप, कार र भ्यान, पेट्रोल, मोबाइल टेलिफोन, इलेक्ट्रिक कार, जीप, भ्यान, एम एस विलेट, टायल, डिजेल, मार्वल स्ल्याब, एलपी ग्यास रहेको छ ।

भैरहवा भन्सार कार्यालय निर्यातलक्षित भन्सार नरहेको कारण यहाबाट न्यून रुपमा निर्यात हुने गरेको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा भैरहवा नाकाबाट ५ अर्ब ७२ करोड बढीको निर्यात व्यापार भएको छ । यो गत वर्षको ५ महिनाको तुलनामा केही बढी हो । गत वर्षको साउनदेखि मंसिर सम्ममा ५ अर्ब ६८ करोड मूल्यका सामानहरू निकासी भएका भैरहवा भन्सार कार्यालयले जानकारी दिएको छ ।

चालु वर्षको चार महिनामा भारततर्फ सिमेन्ट निकासीमा भारतीय गुणस्तरको प्रमाण नवीकरण नहुँदा केही सिमेन्ट उद्योगले निर्यात गर्न पाएका छैनन् । अन्य वस्तु तथा सामान भने निर्यात भइरहेको छ । गत वर्षको तुलनामा भारत एवं तेस्रो मुलुकमा निर्यात वृद्धि भएको तथ्यांकले देखाएको छ । निर्यात व्यापार बढेको कारण भैरहवा नाकामार्फत् हुने आयात निर्यातबाट व्यापार घाटा केही कम भएको छ । चालु वर्षको ५ महिनामा भने १ खर्ब ३ अर्ब २४ करोड मूल्य बराबरको सामान आयात भएको छ ।

भैरहवा नाका हुँदै निर्यात बढी हुने मुख्य सामान एवं वस्तुमा सेन्थेटिक यार्न, सिमेन्ट, क्लिन्कर, प्लाइउड, विभिन्न वनस्पति उत्पादन, पिना, अदुवा, सुठोलगायतका जडीबुटी रहेका छन् । त्यसैगरी तयारी चाउचाउ, पास्ता तथा चोकर भुस, रोजिन टर्पेन्टाइन, पिभिसी फिटिङ पाइप, खोटो रोजिन, बियर, अल्कीड रोजिन र अन्य पिभिसी रोजिन, स्टिलका भाँडाकुँडालगायतका वस्तु भारत तथा तेस्रो मुलुकमा निर्यात हुने गर्छन् ।

केही वर्ष अघिसम्म सिमेन्ट तथा क्लिंकरका लागि भारतकै भर पर्नु पर्ने अवस्था रहेकोमा आयात प्रतिस्थापन गर्दै दुई वर्षदेखि सिमेन्ट एवं क्लिंकर निकासी हुन थालेको हो । सरकारले बजेटमार्फत् विभिन्न वस्तु तोकिएको परिमाणभन्दा बढी निकासी गरेमा ८ प्रतिशत नगद अनुदान दिने घोषणा गरेको छ । सोहीअनुसार उद्योगहरुले भारततर्फ निकासी बढाइरहेको छन् । तर सरकारले समयमै नगद अनुदान नदिँदा व्यवसायीले लाभ लिन सकेका छैनन् ।

सरकारले क्लिंकर, सिमेन्ट, स्टिल, फुटवेयर, प्रशोधित पानीसहित ८ वस्तु तथा सूचना प्रविधिमा आधारित सेवा तथा बिजनेस आउटसोर्सिङ निकासीमा उच्च सम्भावना रहेका वस्तु तथा सेवा तोकिएको परिमाणमा निकासी गरे ८ प्रतिशत नगद अनुदान दिने व्यवस्था सरकारले गरेको छ । बेलहिया नाका हुँदै सेन्थेटिक यार्न, सिमेन्ट बाहेक प्लाइउड वनस्पति उत्पादन, पिना, अदुवा, सुठोलगायत जडीबुटीको निकासी बढ्दै गएको छ ।

**सेजबाट २४ करोड बढी निर्यात**

विशेष आर्थिक क्षेत्र (सेज)बाट चालु अर्थिक वर्षमा २४ करोड ८२ लाखको सामान भारत निकासी भएको छ । देशमा भएका रुग्ण तथा नेपाली बजारमा उत्पादन भएर पनि विदेशमा माग बढी भएका समानहरु उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्नको लागि विशेष आर्थिक क्षेत्र ल्याएको हो । सुरुवाती चरणमा उत्पादनको ७५ प्रतिशत निर्यात गर्नुपर्ने प्रावधान रहेकोमा अहिले प्रावधान संशोधन गरी घटाइए पनि निर्यात सोंचेअनुसारको भएको छैन । सेजमा ७ वटा उद्योग सञ्चालनमा छन्, केही उद्योगले विगत ४ वर्षदेखि निर्यात पनि गरिरहेका छन् । अहिले भैरहवा सेजमा सञ्चालित सीमित उद्योगले आफ्नो उत्पादन नेपालको आन्तरिक बजारसँगै भारत निकासी गरिरहेको भैरहवा सेजका सहायक निर्देशक सबुत डुम्रेले बताए ।

भैरहवा सञ्चालनमा आएदेखि हालसम्म (मंसिर मसान्त) २ अर्ब ७३ करोडको सामान भारत निकासी भएको छ । भैरहवा सेजमा स्थापित उद्योगले २०७६ सालदेखि आफ्नो उत्पादन भारत निकासी गर्न सुरु गरेकामा ५ वर्षको अवधिमा यो निकासी भएको हो । भैरहवा सेजबाट गत आर्थिक वर्ष २०८०-८१ मा ६० करोड ३६ लाख रुपैयाँको सामान भारत निकासी भएको थियो ।

गत आर्थिक वर्ष उत्पादित वस्तुमध्ये ६६ प्रतिशत र चालु वर्षको ५ महिनामा ४८ प्रतिशत निकासी भएको छ,' डुम्रेले भने-'निकासी विस्तारै बढ्दैछ ।

» बाँकी ३ पेजमा

## प्राणीशास्त्र राष्ट्रिय सम्मेलन बुटवलमा



बुटवल । प्राणीशास्त्रसम्बन्धी राष्ट्रिय सम्मेलन बुटवलमा सुरु भएको छ । प्राणीशास्त्र केन्द्रीय विभाग र नेपाल जुलोजिकल सोसाइटीको संयुक्त आयोजनामा नेश्नल कंग्रेस अफ जुलोजि सुरु भएको हो ।

सम्मेलनअन्तर्गत आइतबार सोसाइटीको साधारण सभा भएको छ । सोमबार नेश्नल कंग्रेस अफ जोलोजीको मुख्य कार्यक्रम हुनेछ । सम्मेलनको लुम्बिनी प्रदशेका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गर्नेछन् ।

प्राज्ञिक, वैज्ञानिक, अनुसन्धानकर्ता र विद्यार्थीहरुलाई प्राणी विज्ञानको सबै पक्षमा अनुसन्धानको निश्कर्ष प्रस्तुत गर्नु सम्मेलनको उदेश्य रहेको नेपाल जुलोजिकल सोसाइटिका अध्यक्ष प्राध्यापक प्रा.डा. महेन्द्र महर्जनले बताए ।

सम्मेलनमा जैविक विविधता र पारिस्थितिक प्रणाली, मानव वन्यजन्तु द्वन्द्व र न्यूनीकरणलगायतका विषयमा छलफल हुने उनले जानकारी दिए ।

सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताका २५ कार्यपत्र प्रस्तुत हुनेछन् ।

प्राणीशास्त्रका केन्द्रीय विभाग प्रमुख प्रा. डा. कुमार सापकोटाले नेपालको जैविक विविधतालाई समृद्धिसँग जोड्न सकिने उल्लेख गरे ।

उनले प्राणीशास्त्रको अनुसन्धानबाट धेरै देशले फाइदा लिएको बताए ।

सम्मेलनमा देशभरबाट १५० भन्दा बढी प्राणीशास्त्रीहरुको सहभागिता रहने नेपाल जुलोजिकल सोसाइटी लुम्बिनी प्रदेशका अध्यक्ष बाबुराम बञ्जाडेले जानकारी दिए । सम्मेलनमा नेपालभरबाट आफ्ना अनुसन्धानका प्रस्तुति रहने हुँदा उत्सुकताका साथ हेरिएको उनले बताए ।

कार्यक्रमले लुम्बिनी प्रदेशको पर्यापर्यटन प्रवर्द्धनमा समेत योगदान गर्ने आशा गरिएको सोसाइटीका महासचिव हरिप्रसाद शर्माले जानकारी दिए ।

सम्मेलनअन्तर्गत पुस १६ गते प्राणीशास्त्री र अनुसन्धानकर्ताहरुलाई लुम्बिनी केबलकारमार्फत् बसन्तपुरलगायत स्थानको दृष्यावलोनको व्यवस्था समेत गरिएको छ ।

# हिंसा प्रभावितको सारथी बन्दै महिला सहकारी




**विष्णु खनाल**

*नवलपरासी*

सहकारी भन्नासाथ पैसा बचत गर्नै ऋण निकाल्ने मात्रै भन्ने लाग्न सक्छ । सहकारीले आर्थिक क्षेत्रमा मात्र नभई सामाजिक क्षेत्रमा पनि उल्लेखनीय योगदान दिइरहेको छ । हिंसाको चपेटामा परेका महिलाहरूका लागि आशाको किरण बनेको छ भन्दा पत्यार नलाग्न सक्छ, तर पश्चिम नवलपरासीमा रहेको दाउन्नेदेवी महिला बहुउद्देश्य सहकारी संस्थाले हिंसा पीडित महिलाहरूका लागि आश्रयस्थल सञ्चालन गरेर काम गरिरहेको छ ।

२०६६ सालबाट सञ्चालन गरेको आश्रय स्थलमा हालसम्म २ हजार २ सय १३ जना हिंसा पीडित / प्रभावितहरूले सेवा लिएका छन् । ३ वर्षदेखि ५ वर्ष उमेर समूहका १४२ जना, ५ देखि १० वर्ष समूहका १६ जना, १० देखि १५ वर्ष समूहका ९५ जना, १५ वर्षदेखि १८ वर्ष समूहका २९३ जना, १८ देखि ३५ वर्ष समूहका ९०६ जना, ३५ वर्षदेखि ५० वर्ष समूहका ५६१ जना, ५० वर्षदेखि ६० वर्ष समूहका १२१ जना र ६० वर्ष माथिका ७९ जना हिंसा पीडित र प्रभावितहरूले सेवा लिएका छन् । जसमा महिला १ हजार ९ सय ६९ जना, बालिका १४९ जना र बालक ९५ जना रहेको सेवा केन्द्र प्रमुख निशा चौधरीले बताइन् ।

आएका केसहरू विभिन्न निकाय र संस्थाहरूबाट सम्प्रेषण गरेका हुन् । प्रहरीबाट १ हजार २ सय ९२, स्थानीय तहबाट १६९, एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट १०२, विभिन्न सङ्घ संस्थाहरूबाट २८९, सेवा केन्द्रमा सोझै आएका ३६१ जना रहेका छन् । जिल्लाका स्थानीय तहले अहिलेसम्म हिंसा पीडितका लागि आश्रयस्थल सञ्चालन गर्न सकेका छैनन् । महिलाहरूले सञ्चालन गरेको यस आश्रयस्थललाई आर्थिक समस्याका बाबजुत पनि सेवा सञ्चालन गरिरहेको सहकारीका अध्यक्ष देवी पौडेल बताउँछिन् । नवलपरासी जिल्ला टुक्रनु अघि ३४ वटा महिला सहकारी थिए । हिंसा पीडितका लागि आश्रयस्थल सञ्चालनको जिम्मा दाउन्नेदेवी महिला बहुद्देश्यीय सहकारी संस्थाले लियो । २०६६ सालमा महिला विकासको ८ लाखको आर्थिक सहयोगमा सञ्चालन गरिएको थियो । राज्य पुनः संरचनासँगै नवलपरासी जिल्ला पूर्वी नवलपरासी र पश्चिम नवलपरासी मा विभाजन भएपछि आश्रय स्थलमा केन्द्र सरकारबाट ३ लाख रुपैयाँ र प्रदेश सरकारबाट ५ लाखको सहयोग प्राप्त हुन थाल्यो । पछि क्रमशः प्रदेश सरकार र केन्द्र सरकारबाट आर्थिक सहयोग प्राप्त हुन छाडेपछि सहकारीले नै आर्थिक खर्च गरेर आश्रय स्थल चलायो ।

२०७४ सालमा निर्वाचित बर्दघाट नगरपालिकाका जनप्रतिनिधिले २ लाख रुपैयाँ आर्थिक सहयोग गरे पनि त्यस पश्चात स्थानीय सरकारमा पटक-पटक आर्थिक सहयोगका लागी पत्र पठाउने र प्रत्यक्ष भेटघाटमा सहयोगको अपिल गरे पनि सुनवाइ नभएको अध्यक्ष पौड्यालको गुनासो छ । उनी भन्छिन्-"यदि दाउन्नेदेवी महिला बहुउद्देश्य सहकारी संस्था हुँदैन थियो भने आश्रयस्थल उहिले बन्द हुन्थ्यो, यहाँका हिंसा पीडित महिला दिदी बहिनीहरूले न्याय पाउनका लागि एक्लै हुनुपर्ने अवस्था आउने थियो ।" २०६६ देखि २०८०।०८१ सम्म जबरजस्ती करणीका ६६, बेचबिखनका ७५, बहुविवाहको ११४, अनमेल विवाहको ११३, दाइजोको १०६, कुटपिट ३७९, घरनिकाला ३७२, यौन दुर्व्यवहार १०९, गाली बेइज्जती ६०० , अलपत्र बेवारिसे ८४ र अन्य १९५ जना हिंसा प्रभावित महिला तथा बालकालिका रहेको पौड्यालले बताइन् । जसमा दलित ३५३, जनजाति ७७७, मुस्लिम १६५, मधेशी ४९३ र अन्य ४२५ रहेका छन् । २०७४ सालमा नवलपरासीमा बाढीले मच्चाएको वितण्डाबाट आश्रयस्थल पनि जोगिन सकेन, फर्निचर, लत्ताकपडासहित संस्थागत डकुमेन्टमा समेत पूर्ण क्षति पुग्यो । विभिन्न संस्थाको सहयोगमा पुनः आश्रय स्थलले पूर्णता पायो ।

संस्थामा आउने हरेक उतारचढावलाई चिर्दै आजको दिनसम्म आइपुग्दा पनि तिमीहरुले यति काम गर्यौं भनेर हौसला दिने कोहि नहुँदा दुःख लाग्ने गरेको पौड्यल बताउँछिन् ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

# सम्पादकीय

## छरितो सेवा प्रवाहले जगाउने आशा

संघीय शासन प्रणाली स्थापना भएपछि स्थानीय तह नागरिकको घरदैलोको सरकारको रूपमा स्थापित भएको छ । संविधानले स्थानीय तहलाई सेवा प्रवाहको केन्द्र मानेको छ । संवैधानिक प्रबन्धअनुसार प्रदेश सरकार मझौला विकास आयोजना अघि बढाउने र संघीय सरकार ठूला विकास आयोजना अघि बढाउने जिम्मेवारी छ ।

सेवा प्रवाहको केन्द्र स्थानीय तहको काम छिटो छरितो गर्न प्रविधिको प्रयोग र उपयोगलाई जोड दिइए पनि सूचना प्रविधिको ज्ञान र इन्टरनेटको सहज पहुँचको अभावले सेवा प्रभावकारितामा समस्या देखिएको छ । सेवा प्रवाहलाई छिटो छरितो गर्दा मात्रै सिंहदरबारको अधिकार नागरिकको घरदैलोमा पुऱ्याउन सकिन्छ ।

पालिका कार्यालय स्थापना हुनु र राजनैतिक नेतृत्व स्थापित हुनु मात्रै शासन प्रणालीको आधार होइन । नागरिकले सरकार हुनुको अनुभूति प्राप्त गर्नु महत्वपूर्ण पक्ष हो । सेवा प्रवाहमा ढिलासुस्ती र नागरिकप्रति गर्ने व्यवहारले सरकारप्रतिको धारणा तयार हुन्छ । सेवा प्रवाहलाई छिटो छरितो बनाउन मानव संशाधन परिचानलले मात्रै संभव छैन । प्रविधिको पहुँच विस्तारले सहज र छरितो बनाउन सकिन्छ । प्रविधिको पहुँच विस्तार गर्न आवश्यक छ । नयाँ पुस्ता प्रविधिको प्रयोग गर्न अभ्यस्त छन्, तर पुरानो पुस्ता प्रविधिको प्रयोग गर्न कमजोर छन् ।

नयाँ पुस्ताले प्रविधिको प्रयोग गरी जति सेवा प्रवाहको उपभोग गर्न सक्छन्, पुराना पुस्ताले प्रविधिको प्रयोग गर्न नसक्दा समस्या छ । स्थानीय तहले सेवा प्रवाहलाई छिटो छरितो बनाउन नागरिकले दिने निवेदन, जन्म, मृत्यु, विवाद दर्ता, नक्शा स्वीकृतिलगायतका काम विद्युतीय माध्यमलाई जोड दिएका छन् । स्थानीय तहमा पनि प्रविधि जानेको जनशक्तिको अभाव उत्तिकै छ ।

प्रविधिको प्रयोग गरिरहँदा त्यसले पारेको प्रभावको बारेमा अध्ययन गर्ने, कमजोरी सुधार गर्ने र विस्तारलाई अझै जोड दिँदा सेवा प्रवाहलाई प्रभावकारी बनाउन सकिन्छ । नागरिकका चुलिएका अपेक्षा एकातिर छन्, अर्कोतिर सरकारी कार्यालयमा सेवा प्रवाहमा ढिलासुस्तीले सरकारविरुद्ध आक्रोश छ । सेवा प्रवाहलाई छरितो पार्न र सुशासन कायम गर्न प्रविधिको विस्तार र सहज पहुँचलाई प्राथमिकता दिनुपर्छ ।

# तमु ल्होसार र यसको महत्व !

देवराज गुरुङ

*हरेक पर्व र संस्कृतिको वैज्ञानिक पक्ष, अन्धविश्वास, कुरीति आदि जाँचबुझ गर्दै त्यसलाई तर्कपूर्ण रूपमा लिने यो पुस्ताले त्यस्ता कुरीतिको अन्त्य गर्दै समाजलाई रूपान्तरणको बाटोमा डोहोऱ्याउँदै नयाँ पुस्तालाई हस्तान्तरण गर्ने दिशामा लागि परेको छ । त्यसैले कुनै युद्ध जितेर त्यसैको खुसीयालीमा टुँडिखेलमा हर्ष बढाइ गर्ने प्रथालाई पछ्याउँदै पछिल्लो समय प्रायःजसो हरेक समुदायले आफ्नो मौलिक पर्व टुँडिखेलमा मनाउनुले पर्वको खिल्ली उडाउँदै त छैन । यो प्रश्न यति बेला ज्वलन्त बनेको छ ।*



गुरुङहरूको पर्वमध्ये ल्होसार एक महत्त्वपूर्ण पर्व हो । ल्होसार विशेषगरी तीन किसिमका हुन्छन् । तमु ल्होसार, सोनाम ल्होसार र ग्याल्वो ल्होसार । तमु ल्होसार गुरुङले प्रत्येक वर्ष पुस १५ का दिन मनाउने गर्छन् भने सोनाम ल्होसार तामाङ समुदाय र ग्याल्वो ल्होसार हिमाली जनजातिले आ-आफ्नो तिथि मितिअनुसार मनाउने गर्छन् । समग्रमा ल्होसारको अर्थ भने एउटै छ । ल्होसार शब्द ल्हो र सार गरी दुई शब्दले बनेको छ । जसको अर्थ, ल्हो भन्नाले वर्ग र सार भन्नाले सुरुवात भन्ने जनाउँछ । जसको अर्थ हुन्छ नयाँ वर्गको सुरुवात अर्थात्, नयाँ वर्षको प्रारम्भ ।

यस वर्षको तमु गुरुङ ल्होसार पनि नजिकिँदै छ । तमु सम्बत्अनुसार प्रत्येक पुस १५ मा तमु ल्होसार मनाइन्छ । तमु ल्होसारले गुरुङ समुदायको भित्तेपात्रोमा नयाँ सम्बत् सुरु भएको सङ्केत गर्छ । प्राचीन तमु पायो शास्त्रकाअनुसार तमु ल्होसारका दिन तमुका प्रथम महापुरुषको उत्पत्ति भएको मानिन्छ । ल्होसारका दिनदेखि नयाँ वर्ष अर्थात् नयाँ ल्हो वर्गको थालनी हुने गरेको जनविश्वास छ । जसअनुसार विभिन्न १२ वटा जनावरको नामबाट १२ वटा वर्ग निर्धारण गरिएको हुन्छ । तमु गुरुङ जातिले तमु ल्होसारलाई नयाँ वर्षका रूपमा आफ्नो मौलिक पर्वको रूपमा मनाउँदै आएका छन् ।

विभिन्न १२ वटा जनावर र चराचुरुङ्गीको प्रतीक स्वरूप रहने यस तमु वर्षमा गएको वर्ष चरा (च्यह्या-ल्हो) को वर्ष थियो भने यस वर्ष कुकुरको (खि-ल्हो) रहनेछ । यस अर्थमा तमु समुदायले सम्पूर्ण समय अर्थात् ल्होलाई १२ वटा भाग गरी जनावर या चराको आधारमा बाँडेका छन् । यसवर्ष भने (खि-ल्हो) कुकुरको शुभ वर्षले तमु संस्कारमा आफ्नो प्रभाव राख्नेछ ।

यो वर्षभरि जन्मनेहरू अब खि-ल्हो अर्थात् कुकुर वर्गको रहने छ । ल्होसारकै दिनभन्दा अघिल्लो साँझदेखि नै यसलाई मनाउन सुरु गरिन्छ । साँझ पूजापाठ, भोजभत्तेर, नाचगान गरी आधा रातमा नयाँ वर्ष आयो भन्दै नयाँ वर्षको स्वागत गरिन्छ । ल्होसारको दिन बिहानदेखि नै ढोग-भेट, आशिष् आदानप्रदान गर्दै नाता कुटुम्बलाई बोलाएर भोज खुवाएर बडो धूमधामका साथ मनाइन्छ । ल्होसारको दिन गुरुङ जाति आफ्नै शैलीका भेषभुषा जस्तै महिलाले शिरबन्दी, मखमली चोली, घलेक्क, पटुकी, छिटाको गुन्यु र मजेत्रो लगाएर सजिन्छन् भने पुरुषले शिरमा टोपी, भोटो माथि भाङ्ग्रो लगाउँछन् र त्यसको साथमा कछाड अनि पटुकी बाँध्छन् । अन्य जातले जस्तै गुरुङ जातिको पनि पर्वहरू मनाउने आफ्नै शैली छ । यी जातिमा घाट, सोरठी स्थानीय भाषामा चुड्का भनेर प्रचलित नाच कौडा नाचेर आफ्ना परिवार साथीभाइसँग रमाइलो गर्छन् ।

गुरुङ जाति देशको विभिन्न ठाउँमा छरिएर बसेका छन् । गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, कास्कीलगायत आसपासका जिल्ला गुरुङ बाहुल्य जिल्लाका रूपमा परिचित छन् । त्यस्तै देशका अन्य भागमा पनि गुरुङको बसोबास नगन्य मात्रामा रहेको छ । नेपालबाहेक विश्वका विभिन्न देश बेलायत, अस्ट्रेलिया, हङकङ, ब्रुनाई, जर्मनी, भारत आदि देशमा पनि गुरुङ जातिको बसोबास छ । देश विदेश विभिन्न ठाउँमा भए पनि गुरुङ जातिले पुस १५ मा तमु ल्होसार भने भव्य तरिकाले मनाउँछन् । पे म्ह्स्या, छ्या म्हमु, छ्या म्हस्या ल्हु म्हमु, ल्हु म्ह्स्या म्हि म्हमु, अर्थात्, शास्त्र हराए संस्कृति हराउँछ, संस्कृति हराए परम्परा हराउँछ अनि परम्परा हराए मान्छे नै हराउँछ ।

तमु (गुरुङ) समुदायमा माथिको भनाइ निकै लोकप्रिय छ । यी हरफले के जनाउँछन् भने गुरुङ भाषा, कला र संस्कृतिमा निकै धनी छन् । त्यसका साथै आफ्नो जीवनसँगै संस्कार, भाषा, संस्कृति र परम्परा जीवन्त राख्नुपर्छ, अर्थात् मान्छेको पहिचान भनेकै संस्कृति हो । गुरुङहरूको पहिचानको अर्को नाम हो तमु । धर्म र संस्कृतिको खानीका रूपमा परिचित गुरुङले पछिल्लो समय आधुनिकताक नाममा आफ्नो संस्कृतिमा विकृति थुपार्ने काम गरिरहेका छन् । ल्होसारजस्तो गरिमा बोकेको पर्वलाई टुँडिखेलमा ल्याएर मनाउनुले संस्कृतिको खिल्ली उडाउने काम भइरहेको छ । ल्होसार आफ्नो मान्यजनको, बुढा-बुढी, बा-आमाको आशीर्वाद लिएर घर-घरमा मान्नुपर्ने समयमा टुँडिखेलमा मान्नुले संस्कृतिमाथि ठाडो हस्तक्षेप भइरहेको छ । अझ नेपाल सरकारबाट मान्यता प्राप्त तमुको माउ सङ्गठन तमु ह्युल छोज् धीं गुरुङ राष्ट्रिय परिषद् आफैँले नेतृत्व गर्दै टुँडिखेलमा ल्होसार मनाउनुले नेतृत्व माथि नै प्रश्न उत्पन्न भएको छ । देशमा गणतन्त्रको स्थापनापश्चात् पहिचान र अधिकारको कुरा निकै चल्यो तर कुनै पनि गुरुङ त्यतिको संख्यामा टुँडिखेलमा पहिचान माग्न भेला भएनन् जति ल्होसार मान्न जम्मा हुन्छन् । त्यसले पनि के स्पष्ट हुन्छ भने पहिचान कुनै राजनीतिक दल वा नेतालाई चाहिएको छ या तमुलाई यसका बारेमा उनी स्वयम् जानकार छैनन् ।

गुरुङले मात्र होइन, पछिल्लो समय अन्य आदिवासी जनजातिले पनि तमु ल्होसारको सिको गर्दै आफ्नो मौलिक चाडलाई टुँडिखेलमा प्रदर्शन गर्न थालेका छन् । तामाङको ल्होसार, किराँतको उँधौली उँभौली, मगरको भुमे पर्वलाई टुँडिखेलमा मान्दै आउन थालेका छन् । अर्कोतर्फ हामी जनजाति संस्कार र संस्कृतिमा निकै धनी छौँ । यसले पनि सङ्केत गरिरहेको छ कि हामी कतातिर बगिरेहका छौँ । के हामी आफ्नो पहिचानलाई मास्न त लागिरहेका छैनौँ । युवा पुस्तालगायत जिम्मेवार व्यक्तिले सोच्ने बेला आएको छ । हामी आदिवासी जनजाति पहिचान संरक्षण गर्नेतर्फ लागिरहेका छौँ कि मास्नेतर्फ ?

स्वभावैले बाजे पुस्ताभन्दा नाति, नातिना पुस्ता शिक्षित र परिस्कारवादी हुन्छन् । हरेक जात, जाति, धर्म र संस्कारका बाजे पुस्ताले मान्दै आएको संस्कृतिबारे अहिलेको २१औँ शताब्दीका युवा र शिक्षित वर्गले सबल र दुर्वल पक्ष केलाउँदै त्यसको चिरफार गर्ने गरेका छन् । हरेक पर्व र संस्कृतिको वैज्ञानिक पक्ष, अन्धविश्वास, कुरीति आदि जाँचबुझ गर्दै त्यसलाई तर्कपूर्ण रूपमा लिने यो पुस्ताले त्यस्ता कुरीतिको अन्त्य गर्दै समाजलाई रूपान्तरणको बाटोमा डोहोऱ्याउँदै नयाँ पुस्तालाई हस्तान्तरण गर्ने दिशामा लागिपरेको छ । त्यसैले कुनै युद्ध जितेर त्यसैको खुसीयालीमा टुँडिखेलमा हर्ष बढाइ गर्ने प्रथालाई पछ्याउँदै पछिल्लो समय प्रायःजसो हरेक समुदायले आफ्नो मौलिक पर्व टुँडिखेलमा मनाउनुले पर्वको खिल्ली उडाउँदै त छैन । यो प्रश्न यति बेला ज्वलन्त बनेको छ ।

अर्कोतर्फ, हर्ष बढाइ गर्ने स्थानमा ल्होसार मनाएर गुरुङहरूले के पाए ? यसले गुरुङ समुदायको उन्नयनमा के भूमिका खेल्यो ? यसको बारेमा समीक्षा गर्ने बेला आएको छ ।

टुँडिखेलमा आदिवासी जनजातिले भेला भएर आफ्नो मौलिक पर्व मनाउने नाममा सेलरोटी पकाउनु र 'मोडर्न' गीतमा कम्मर मर्काउनुलाई संस्कृतिको जगेर्ना भन्ने कि विकृति यस प्रकारको कार्यले गर्दा गुरुङ संस्कृति र पोसाकमाथि यसै समुदायका बुझक्कडले नै व्यङ्ग्य प्रहार गरिरहेको गरेको भान हुन्छ । सबैभन्दा ठुलो समस्या त कहाँ उत्पन्न हुँदैछ भने भोलिका सन्ततिलाई ल्होसार के हो रु भन्ने प्रश्न गर्दा यो टुँडिखेलमा मनाउने एक चाड हो भन्ने उत्तर दिनुपर्ने दिन त आउने होइन रु यसमा आजैदेखि आशङ्का उत्पन्न भइसकेको छ । त्यति बेला यसको जिम्मेवारी कसले लिने नयाँ पुस्तालाई के उत्तर दिने रु उनीहरूलाई संस्कृति सिकाउने कि विकृति त्यसैले उपल्लो तहमा बसेर जातीय राजनीति गर्नेहरूले यसको सामाधान खोज्ने बेला आएको छ ।

ल्होसारमा हजारौँ गुरुङलाई टुँडिखेलमा भेला गराएर राजनीतिक भाषण छाट्ने प्रवृत्तिले ल्होसारको महत्त्व र सांस्कृतिक पक्षमाथि ठूलो हस्तक्षेप भएको छ । गुरुङहरू टुँडिखेलमा भेला भई संस्कृतिको जगेर्नाका गर्ने हो कि नेताको भाषण सुन्ने हो । त्यसैले नजिकिँदै गरेको ल्होसार मनाउन तम्तयार भएर बसेका समग्र गुरुङले यति बेला ठण्डा दिमागले सोच्ने बेला आएको छ । अर्कोतर्फ आफूलाई जनजातिका नेता भन्नेहरू ल्होसारको दिन टुँडिखेलमा जातीय स्वायत्तताक पक्षमा वकालत गर्नसम्म पछि पर्दैनन् । गुरुङले भन्ने गरेको तमुवान करिब अस्ताइसकेको छ । गुरुङमा कमजोर पक्ष के छ भने लाखौँको संख्यामा टुँडिखेलमा ल्होसार मान्न भेला हुने गुरुङहरू तमुवानको पक्षमा आवाज उठाउन हजारौँको संखया त के सयौँको संख्यामा उपस्थित हुन सक्दैनन् । यसले के सङ्केत गर्छ भने गुरुङलाई तमुवान चाहिएको छैन वा तमुवानको विषयमा जानकार नै छैनन् । नेताहरूले भोट बैङ्क स्थापनार्थ जातीय बिउ रोपेको यसबाट प्रस्टै हुन्छ । नेताले विभिन्न जातजातिमा रहेका विभिन्न कला, संस्कृति, संस्कार र मौलिकताक रक्षा गर्नका लागि पहल लिनुको सट्टा उल्टै समाजमा आदिमकालदेखि रहिआएका र मानिँदै आएका विभिन्न धर्म, कला तथा संस्कृतिलाई नै बटुलो पार्ने चलखेल गरिरहेकोप्रति सबै जातजाति तथा समुदायका मानसिक सचेत रहनुपर्ने अर्को टड्कारो आवश्यकता छ ।

अर्को पक्ष के रहेको छ भने आदिवासी जनजातिका नेताहरू कुनै न कुनै राजनीतिक दलमा आबद्ध छन् । उनीहरू पार्टी सरकारमा हुँदा सुतेको बाघजस्तै गरेर बस्छन् र पार्टी सरकारबाट बाहिरिएपछि फेरि ठुला कुरा गर्दै जातीयताक खोल ओढ्न सुरु गर्छन् । कुनै पनि राष्ट्रको प्रमुखले कुनै पनि जाति विशेषको प्रमुख कार्यक्रममा गएर सम्बोधन गर्नुले खास महत्त्व राख्दैन । महत्त्व त त्यस बेला राख्छ, जुन राष्ट्र प्रमुखले उक्त जनजातिको आवश्यकता र पहिचानलाई राष्ट्रिय मान्यता दिन्छ । त्यसैले अब गुरुङले सोच्नुपर्ने बेला आएको छ, ल्होसारको महत्त्व र अस्तित्व घरमा मानेर जोगिन्छ न कि टुँडिखेलमा ।

हिमालपोस्टबाट

# नेप्से परिसूचक २१ अङ्कले घट्यो



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २१ दशमलव १२ अङ्कले घटेर दुई हजार छ सय नौ दशमलव ५८ बिन्दुमा कायम भएको छ ।

तीन सय १६ कम्पनीको एक करोड १० लाख ९९ हजार दुई सय ३९ कित्ता शेयर ६६ हजार सात सय ७४ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ४७ करोड ४८ लाख ६८ हजार सात सय ६४ बराबरको कारोबार भएको हो ।

लघुवित्त एक दशमलव १२, म्युचुअफ फन्ड शून्य दशमलव १८ र अन्य समूह शून्य दशमलव २९ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । वित्त समूह सबैभन्दा धेरै चार दशमलव ४७ र विकास बैंक समूह दुई दशमलव ६५ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव ६१, जलविद्यूत् एक दशमलव ७३, लगानी शून्य दशमलव ६६, जीवन बिमा शून्य दशमलव २९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८१, निर्जीवन बिमा शून्य दशमलव १२ र व्यापार समूह एक दशमलव ०३ प्रतिशतले घटेको छ ।

पाँच वटा कम्पनीको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । सपोर्ट माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, नारायणी डेभलपमेन्ट बैंक लिमिटेड, सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, जानकी फाईनान्स कम्पनी लिमिटेड र सिन्धु विकास बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको हो । महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने सकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको रु २६ करोड १० लाख ८२ हजार छ सय ६४ बराबरको १० लाख ६५ हजार छ सय ५५ कित्ता शेयर किनबेच भएको छ ।

# अटिजम भएका बालबालिकाको हेरचाहका लागि निर्देशिका तयार पार्न समिति गठन

काठमाडौँ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले अटिजम भएका बालबालिकाको हेरचाहका लागि निर्देशिका तयार पार्न १० सदस्यीय समिति गठन गरेका छन् । डा. दीपकप्रकाश महराको संयोजकत्वमा गठित समितिमा दीपकराज सापकोटा, डा. सुनिता मलेकु, डा. मेरिना श्रेष्ठ र डा. अरुण कुँवर सदस्य रहेका छन् ।

त्यसैगरी, ध्रुव केदार अधिकारी, सन्तोष रायमाझी, उमेश तामाङ तथा कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका प्रतिनिधिलाई सदस्य तथा मन्त्रालयको बहुक्षेत्रीय समन्वय शाखा प्रमुखलाई सदस्य सचिव तोकिएको छ ।

समितिले एक महिनाभित्र अटिजम रोकथामका विषयमा अध्ययन गरेर स्वास्थ्य क्षेत्रका कार्यक्रममा समावेश गर्न सकिने विषय सुझाव दिनेछ । साथै अटिजम भएका बालबालिकाको हेरचाह, उपचार तथा सहयोगसम्बन्धी क्रियाकलाप निर्देशिकामा समावेश गर्नेछ ।

समितिले अटिजमका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्था तथा विकास साझेदारसँग सहकार्यको खाकासमेत तयार पार्ने मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए । नेपालको जनगणना २०७८ अनुसार अटिजम भएका व्यक्तिको संख्या चार हजार आठ सय ८४ रहेको छ । तर, विश्व




स्वास्थ्य सङ्गठनले भने नेपालमा झण्डै तीन लाखमा यस्तो समस्या रहेको आँकलन गरेको छ ।

केही समयअघि अटिजमका क्षेत्रमा कार्यरत विज्ञहरुसँगसमेत मन्त्री पौडेलले अन्तरक्रिया गर्दै चाल्नुपर्ने कदमका बारेमा राय सुझाव सङ्कलन गरेका थिए ।

# लुम्बिनी प्रेस क्लबको स्थापना दिवस मनाइयो

भैरहवा । लुम्बिनी प्रेस क्लब, रुपन्देहीले यस क्षेत्रमा खेल्दै आएको भूमिका महत्वपूर्ण रहेको जनप्रतिनिधि, सरकारी कार्यालयका प्रमुख, उद्योगी-व्यवसायी, अग्रज पत्रकारहरुले बताएका छन् ।

क्लबको १०औं स्थापना दिवसको अवसरमा आइतबार भैरहवामा आयोजित कार्याक्रममा बोल्दै वक्ताहरुले क्लबले पत्रकारितासँगै अन्य क्षेत्रमा खेलेको भूमिका र गरेका कामको प्रशंसा गरे । भैरहवा, लुम्बिनी, धकधइ, मर्चवारसहित सिंगो रुपन्देहीमा जिल्लासँगै मुलुकमै क्लबको गरिमा भनै बढ्दै गएको वक्ताहरुले बताएका थिए ।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इशितयाक अहमद खाँले लुम्बिनी प्रेस क्लब धेरै उचाईमा पुगेको बताए । उनले क्लबका संस्थापक अध्यक्ष माधव ढुंगानादेखि वर्तमान अध्यक्ष कमल रायमाझीसम्म नेतृत्वको टीम राम्रो र समाजमा केही गरौं भनेर छाप छाड्ने किसिमको रहेको बताए ।

'पत्रकारिता क्षेत्रको विकासका लागि नगरपालिकाबाट अक्षयकोष स्थापना, पत्रकारलाई सम्मान लगायत कार्य अघि बढाएका छौं', उनले भने-'राज्यको चौथो अंग सञ्चार क्षेत्रले हामीलाई झकझकाउने काम गर्छ, गर्नुपर्छ । हामी सधैं साथमा हुन्छौं ।'

लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले पत्रकार र पत्रकारिता क्षेत्रको विकाससँगै समाजिक क्षेत्रमा समेत काम गरिरहेको जनाए । उनले क्लब एकताबद्ध भएर अघि बढेकै कारण धेरै काम गर्न सकिएको बताए ।

उनले भने-'हामी समाचार लेख्नुका साथै समाजलाई सही मार्गमा अगाडि बढाउन आफ्नो भूमिका निर्वाह गर्छौं । हामीले नकारात्मक सोच हटाउनुपर्छ । सकारात्मक सोचको विकास गर्नुपर्छ । एक-अर्कालाई दोष दिएर उम्कने प्रवृत्ति हटाउनुपर्छ ।'

क्लबका संस्थापक अध्यक्ष माधव ढुंगानाले पत्रकारको समाजप्रति उत्तरदायित्व रहेको बताए । इतिहासकार तथा साहित्यकार विजय गोविन्द श्रेष्ठले प्रेस क्लबले छोटो समयमा लामो र सम्झन लायक काम गरेको जनाए । उनले पत्रकारहरुले प्रश्न गर्न छाड्न नहुने जनाए । 'तपाईंहरुको मिहनतले क्लबले एउटा ऐतिहासिक उचाई प्राप्त गरेको छ । यसलाई अझै राम्रो र बलियो बनाउँदै लैजानुस् ।'-उनले भने ।

रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले प्रेस क्लबसँग सहकार्य गरेर अघि बढ्ने बताए । आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृत प्रेमराज पोखेलले पत्रकारको हकहितलाई संरक्षण गर्नुका साथै लुम्बिनी प्रेस क्लबले मानवीय सँगसँगै सामाजिक विकासमा समेत टेवा पुऱ्याएको जनाए ।

भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीले क्लबले भन्सारमा हुने हरेक सकारात्मक गतिविधिलाई समाचारका माध्यमबाट बाहिर ल्याउने र अनैतिक क्रियाकलापमा रोक लगाउन खबरदारी समेत गराउँदै आएको बताए ।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले निजी क्षेत्र उत्थानका लागि निजी क्षेत्रले चाल्ने हरेक पाइलामा क्लबले साथ दिँदै आएको बताए । उनले क्लबले प्राप्त गरेको उचाईलाई अझ माथि उठाउन सुझाव दिए ।

सिद्धार्थनगर नगरपालिकाकी निवर्तमान नगर उपप्रमुख उमा काफ्लेले इमान्दारीपूर्वक जिम्मेवारी निर्वाह गर्न र सुशासनको पक्षमा कलम चलाउन क्लबका सदस्यहरुलाई आग्रह गरिन् । सिद्धार्थ होटल संघ, नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले विगतका दिनदेखि नै यस क्लबले संस्थाले आयोजना गर्ने हरेक कार्यक्रमलाई समाचारमार्फत देशविदेशमा पुऱ्याउने काम गरेको बताए ।

चेम्बर अफ कमर्स (उद्योग व्यापार संगठन, रूपन्देही) का अध्यक्ष दर्पण श्रेष्ठले क्लब निष्पक्ष गतिशील रूपमा सञ्चार यात्रामा रहने अपेक्षा गरेको बताए । ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय क्षेत्रीय कार्यालय, भैरहवा प्रमुख ब्रह्माकुमारी शान्ति दिदी, पर्यटन व्यवसायी तथा सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विष्णुप्रसाद शर्मालगायतले बोल्दै लुम्बिनी प्रेस क्लबले पत्रकारिताको विकाससँगै विभिन्न रचनात्मक कार्यहरु गर्दै आएको बताउँदै प्रशंसा गरे ।

वि.सं. २०७२ पुस १४ मा स्थापना भएको क्लबले विभिन्न कार्यक्रम गरी स्थापना दिवस मनाएको छ । दिवसको अवसरमा क्लबले मैत्रीपूर्ण फुटसल, भैरहवादेखि लुम्बिनीसम्म दोस्रो बौद्ध सञ्चार यात्रा र भैरहवामा ध्यान शिविर आयोजना गरिएको महासचिव प्रकाश न्यौपानेले बताए ।

उनले क्लबका हरेक गतिविधिमा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै आगामी दिन सबैसँग सहकार्य गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

स्थापना दिवस समारोहमा मैत्रीपूर्ण फुटसलको विजेता जिल्ला सुरक्षा समिति, उपविजेता लुम्बिनी प्रेस क्लब 'बी' टिमलाई पुरस्कार तथा प्रतियोगितामा सहभागी सम्पूर्ण टीमहरुलाई प्रमाणपत्र वितरण गरिएको क्लबका उपाध्यक्ष दीपक घिमिरेले बताए ।

बौद्ध सञ्चार यात्रामा सहभागी सम्पूर्णलाई प्रशंसा-पत्र प्रदान गरिएको क्लबका सह-कोषाध्यक्ष रवीन्द्रप्रताप गुप्ताले जानकारी दिए । क्लबमा भैरहवा, लुम्बिनी, मर्चवार, धकधई क्षेत्रका ४३ जना पत्रकारहरु आबद्ध छन् ।

# २१औं घुम्ती बैठक सम्पन्न




देवदह । रुपन्देहीको देवदहमा जिल्ला समन्वय समिति रुपन्देही र स्थानीय तहहरुको २१औँ घुम्ती बैठक सम्पन्न भएको छ । जिल्ला समन्वय समिति रुपन्देहीले हरेक महिना विभिन्न स्थानीय तहमा घुम्ती बैठक गर्दै आएको छ । जिल्ला समन्वय समिति रुपन्देहीको आयोजना र देवदह नगरपालिकाको व्यवस्थापनमा उक्त बैठक सम्पन्न भएको हो ।

देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेलको अध्यक्षता र जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईंको प्रमुख आतिथ्यतामा भएको बैठकले विभिन्न निर्णय गरेको छ । घुम्ती बैठकले कृषि उत्पादनको लागि प्रयोग गरिने कृषि औजारको मूल्य निर्धारण गर्ने निर्णय गरेको छ ।

बैठकले कृषि उत्पादनको लागि प्रयोग गरिने ड्रेसर, रोडाभेटर, जोताई ट्र्याक्टरको मूल्य निर्धारण गरेको हो । बैठकले ड्रेसरको बढीमा २६ सय प्रतिघण्टा, रोडा भेटरको २२ सय र जोताई ट्र्याक्टरको २ हजार रुपैयाँ मूल्य निर्धारण गरेको जिल्ला समन्वय समितिका प्रमुख चपाईंले जानकारी दिए । कृषि उत्पादनको लागि प्रयोग गरिने कृषि औजारको जिल्लामा एकरुपता ल्याउनको लागि मूल्य निर्धारण गरिएको उनले बताए । बैठकले विभिन्न पालिकामा सञ्चालन हुने ई-रिक्सासम्बन्धी कार्यविधि तयार गरेर पालिकाहरु अगाडि बढ्न आवश्यक रहेको र आगामी बैठकमा कार्यविधि पेश गर्ने निर्णय गरेको चपाईंले जानकारी दिए ।

जिल्ला समन्वय समितिका प्रमुख चपाईंले रुपन्देहीमा रहेका पालिकामा हुने समस्याको समाधान गर्ने गरी अगाडि बढ्न आवश्यक रहेकोमा जोड दिए ।

उनले कानुनभन्दा बाहिर गएर कुनै काम नगर्न आग्रह गर्दै हरेक विषयमा पालिका/पालिकाबिच समन्वय गर्नुपर्नेमा जोड दिए ।

सो अवसरमा बोल्दै प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले विकास निर्माणको सवालमा प्रतिस्पर्धा नभई समन्वय र सहकार्यमा पालिकाहरु अगाडि बढ्न आवश्यक रहेको बताए । उनले श्रमजीविहरुले काम गरेर खाने वातावरण तयार गर्न पालिका लाग्नुपर्नेमा जोड दिए ।

रुपन्देहीको विभिन्न पालिकाहरुमा नदीजन्य पदार्थ चोरी निकासी हुनबाट रोक्नको लागि प्रहरी प्रशासनसँगै जनप्रतिनिधि पनि लाग्नु पर्ने उनले बताए । उनले राज्यको सम्पत्ति संरक्षण गर्ने जिम्मा प्रहरी प्रशासनको मात्र नभई आमनागरिकको समेत दायित्व रहेको जनाए । कार्यक्रममा सियारी गाउँपालिकाका प्रमुख थानेश्वर घिमिरे, सिद्धार्थ नगरपालिकाका उपप्रमुख उमा अधिकारी, मर्चवारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झविलाल भट्टराई, सिद्धार्थ नगरका जनक थापा, बुटवल-१२, का वडाध्यक्ष यत्रप्रसाद पंगेनीलगायतले बोल्दै फोहोर व्यवस्थापन गर्न चुनौती रहेको बताउँदै फोहोर व्यवस्थापनमा सवै पालिका मिलेर अगाडि बढ्न आवश्यक रहेकोमा जोड दिएका थिए ।

कार्यक्रममा देवदह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, लुम्बिनी सांस्कृति नगरपालिकाका तारा ज्ञवाली, ओमसतिया गाउँपालिकाका विपिन क्षेत्री, कोटहिमाई गाउँपालिकाका दिनेशकुमार गौड, सम्मरीमाई गाउँपालिकका राजेश मल्लाहलगायतले आ-आफ्ना पालिकाको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गको स्वागत र शाखा अधिकृत रमेश गिरीको सञ्चालनमा भएको बैठकमा पालिकाका प्रमुख, उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागिता रहेको थियो ।

## ५ महिनामा...

पहिलो वर्ष एउटा उद्योगबाट उत्पादन भइ निकासी सुरु भएकोमा अहिले ५ वर्षमा पुग्दा ११ उद्योग स्थापना भइ उत्पादन सुरु भएका छन् ।' उनका अनुसार अहिले भैरहवा सेजमा सञ्चालन भइरहेका श्रीशक्ति मिनरल्स, विस्तार ग्लोबल प्रालि, ब्रिलियन्ट लाइटिङ, तिरुपति मेटल, हिमालयन ग्रेनाइट, एस पोलिमर्स, हिमालयन इको इनर्जी, श्री इस्पर्ट, इको नेपाल, आर्सी इन्डस्ट्रिज उद्योगबाट उत्पादित सामान भारत निकासी भइरहेका छन् । त्यहाँ रहेका पञ्चकन्या मेट एसएस एक्स्पोर्ट र जयबुद्ध मेटल उद्योग भने अहिले प्राविधिक कारणले बन्द छन् ।

यहाँका उद्योगले चुनढुंगा प्रशोधन गरी उत्पादित चिप्स, स्टिलका भाँडा, बिजुली बत्ती, प्लास्टिकका सामान प्रशोधन गरी दाना चिप्स, कच्चा ढुंगा ल्याएर मार्बल-टायल, फर्निस आयल, पुरानो ब्याट्री प्रशोधन गरी लिड निकाली सामान बनाउने गर्दै आएका छन् । यी सामान आन्तरिक बजारमा खपत गर्नुका साथै भारत निकासी हुँदै आएका छन् । सेजका उद्योगबाट उत्पादित सामान निकासी र आन्तरिक बजारमा खपतका लागि २०८१ बैशाखमा कुल उत्पादनको ३० प्रतिशत निकासी र ७० प्रतिशत आन्तरिक बजारमा खपत गर्न सकिने नियम सरकारले ल्याएको थियो । उद्योग सञ्चालनको पहिलो ३ वर्ष उत्पादित सबै सामान स्वदेशमै खपत गर्न सकिने प्रावधान छ ।

सेजमा भाडा महँगो भएको, विद्युत् आपूर्ति राम्रो नभएको र अन्य सेवासमेत नभएको जनाउँदै उद्योगीहरु आकर्षित नभएपछि विशेष आर्थिक क्षेत्र व्यवस्थापन समितिले भाडा घटाको छ । विद्युतृतर्फ भने सबस्टेसन निर्माण अन्तिम चरणमा रहेको र माघ अन्तिमसम्म सञ्चालन हुने लक्ष्यका साथ काम भइरहेको छ । भैरहवा सेजमा उद्योग स्थापनाका लागि ६८ प्लट छुट्याइएकोमा अहिलेसम्म त्यहाँ सञ्चालनमा रहेका उद्योगले ३१ वटा प्लट लिएका छन् ।

## हिंसा...

बर्दघाट नगरपालिका वडा नं. ४ कि २३ वर्षीय सुनिता शर्मा (नाम परिवर्तन) विवाह भएको ३-४ महिनाबाटै श्रीमानसँगको दुरी बढ्न थाल्यो । घर परिवारको कुरा सुनेर श्रीमतीलाई शंका गर्नेदेखि मानशिक यातना दिन थालेका श्रीमानले विस्तारै शारीरिक यातना दिन थालेपछि उनी माईतिको शरणमा पुगिन् । न्यायको खोजीमा उनी दाउन्नेदेवी महिला बहुउद्देश्य सहकारीको ढोका ढ्कढक्याउन पुगिन । सहकारीको सहयोगमा २०७८ सालमा जिल्ला अदालतमा मुद्दा दायर भयो मुद्दाको फैसला सुनिताको पक्षमा रह्यो । परिवार पक्षबाट फेरि उच्च अदालत बुटवलमा मुद्दा परेकोमा हालसालै पुनः सुनिताको पक्षमा फैसला भएको छ । यो विचमा समाजमा उठेका विभिन्न खालका लान्छनालाई चिर्दै उनी अहिले ब्यूटिशियन पेशामा आफूलाई अब्बल ठहराएकी छन् । सुनिता भन्छिन्-"घरमा पाएको शारीरिक हिंसा सहन नसकेर माइतिमा आए पनि गाउँका मान्छेले गर्नै व्यवहार र आफन्तीबाट पाएको तिरस्कारले पटक-पटक आत्महत्याको बाटो रोजे, तर बुबा आमाको अनुहार सम्झेर फर्किर, म, बुबा आमाको एक्लो सन्तान थिए, मैले नै संसार छोडेमा मेरो बुबा आमाको के होला भन्ने लाग्थ्यो, पछि दाउन्नेदेवी बहुउद्देश्य सहकारीले हिंसा पीडितका लागि काम गर्छ भन्ने थाहा पाएर उहाँहरुको साथ र हौसलाका कारण मुद्दा पनि जिते । पछि खाली बसेर केही हुँदैन केही गर्नु पर्छ भन्ने लाग्यो र ब्यूटिशियन तालिम लिएर अहिले आफ्नै पार्लर सञ्चालन गरेर बसेकि छु । हिजो नानाथरी भन्ने मान्छेहरु आज मलाई देखाएर उदाहरण दिन्छन्, खुशि लाग्छ ।" उनी मात्र हैन उनी जस्ता अन्य हिंसा पीडित महिलाहरू यस आश्रयस्थलमा आश्रय लिएर नयाँ जीवनको सुरुवात गरिरहेका छन् । यहाँ उनीहरूलाई सुरक्षित बास, खानपिन, मनोसामाजिक परामर्शलगायतका सेवाहरू प्रदान गरिन्छ ।

पाल्हिनन्दन गाउँपालिका २ कि कल्पना यादव (नाम परिवर्तन) विवाह भएको २० वर्षसम्म पनि सन्तान नभए पछि घर परिवारबाट तिरस्कृत हुन पुगिन । सरकारी विद्यालयका शिक्षक रहेका उनका श्रीमानले आफैँले पढाउने कक्षा १० की छात्रासँग विवाह गरे । परिवार र समाजको तिरस्कारबाट आफूलाई सम्हाल्दै आएकी कल्पनालाई दास्रो विवाह गरेसँगै शारीरिक यातना समेत पाउन थालिन । जेठानी र उनको छोराले कुटपिट गर्दा दुईबटै हात भाँचिदिएपछि दाउन्नेदेवी महिला बहुउद्देश्य सहकारी मा तीन महिनासम्म आवास गृहमा बसिन् । हातमा लगाएको प्लाष्टर खोलिएपछि कानुनी लडाईमा सहकारीले साथ दियो, अहिले कल्पना श्रीमानसँग अलग भएर गाउँमै सानो टेलर चलाएर आफनो दैनिकी चलाएकी छन् । उनी भन्छिन्-"घरको मान्छेले गरेको व्यवहारले मलाई निकै गाह्रो भएको थियो माईती ईन्डीया हो जान पनि टाढा, बुबा आमा पनि नभएको भाइ बुहारीसँग जान मन लागेन । परासीमा रहेको महिलाको संस्थाले म बिमार हुँदा खुब ध्यान दियो, निको बनायो पछि बुढासँग जग्गा लिएर बसे, अहिले कपडा सिलाएर बसेछु । राम्रो लागेको छ ।" आश्रयस्थलमा बसेका महिलाहरूले सहकारीले गरेको यो पहलले उनीहरूलाई हिम्मत दिएको बताएका छन्, लघुवित्त मा काम गर्ने प्रतापपूर गाउँपालिकाकी १८ वर्षीय किशोरी रिम्ता रौनियार (नाम परिवर्तन) प्रतापपूरबाट गुठीप्रसौनी बचत उठाउन जाने क्रममा सटकट बाटो उखुवारी थियो । २०७३ साल जाडोको समय बिहानै उखुबारीको बाटो हिड्ने क्रममा सामूहिक बलत्कारमा परिन । जिल्ला अस्पतालमा उपचारपश्चात् उनका परिवारले घर लैजान मानेनन् । सहकारीको आबास गृहमा बसेरै उनलाई बलत्कार गर्ने १० जना मध्ये नौ जनालाई जेल पुऱ्याउन सफल भइन, १ इञ्जीनियर अझैँ फरार रहेका छन् । उनी भन्छिन्-"घरपरिवारले ईज्जत र समाजको डर ले घर लैजान मानेको थिएन्न मैले भने गल्ति मैले गरेको छैन् म किन डराउने ,ईज्जत त मलाई त्यस्तो गर्ने मान्छेको जाने हो भनेर घरमा आए, कति दिन आश्रय स्थलमा बस्ने सधै बस्ने कुरा भएन । घर आएपछि फेरी कलेज जोईन गरे अहिले पढाइ पुरा गरेर लघुवित्तमै राम्रो पदमा काम गरेकी छु । घर परिवारलाई पनि हेरेको छु ।" यदि दाउन्नेदेवी महिला बहुउद्देश्य सहकारी संस्था हुँदैन थियो भने यसरी समाजमा आएर खडा हुन सक्ने अवस्था आउँदैन्थ्यो भन्छिन्, रिम्ता ।

आवास गृहमा आर्थिक वर्ष २०८०।०८१ मा रामग्राम नगरपालिकाबाट १० जना, सुनवल नगरपालिकाबाट ५ जना, प्रतापपूर गाउँपालिकाबाट ८ जना, सरावल गाउपीलका बाट ८ जना, पाल्हिनन्दन गाउँपालिकाबाट १३ जना, सुस्ता गाउँपालिकाबाट ११ जना, बर्दघाट नगरपालिकाबाट १२ जना गरी ६७ जना हिंसा प्रभावितले सेवा लिएका छन् । प्रत्येक स्थानीय तहले सकेसम्म बडास्तरमा नभए पालिकास्तरमा हिंसा प्रभावितका लागि आभास गृह सञ्चालन गर्नुपर्नेमा पश्चिम नवलपरासीमा एउटा पनि स्थानीय तहमा आभास गृह सञ्चालन गर्न नसक्नु दुःखद पक्ष रहेको बताउँछन् जिल्ला समन्वय समिति संयोजक भगौती यादव रुदल । उनी भन्छन्-"जिल्ला समन्वय समितिले आर्थिक रुपमा केहि गर्नको लागि बजेट हुँदैन बजेट सबै स्थानीय तहमा मात्रै हुने भएकोले जिल्लामै एउटा मात्रै हिंसा प्रभावितका लागि आवास गृह रहेको त्यो पनि आर्थिक संकटमा जुदेको हुँदा, विगतदेखि नै राम्रो काम गर्दै आएको संस्था दाउन्नेदेवीलाई सहयोग पुऱ्याउनका लागि हामी समन्वय संस्था भएकोले पालिकाहरुसँग समन्वय गर्ने काम गरिराछौं ।" जिल्ला समन्वय समितिले यस सहकारीको कामलाई सघाउन चासो देखाएकोले यस क्षेत्रमा थप सकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको छ ।

यसले अन्य स्थानीय तहलाई पनि यस्तो खालका कार्यक्रम सञ्चालन गर्न प्रेरित गर्नेमा आसावादी छन्, सहकारी अध्यक्ष पौड्याल । बर्दघाट नगरपालिकाकाले आश्रय स्थलको लागी भनेर बजेट छुट्याउँदै आए पनि नगरपालिका को क्षेत्रभन्दा बाहिर परासी रहेको हुँदा सहकारीको नाममा भुक्तानी दिनको लागि कानुनी अड्चनले गर्दा रकम निकासा गर्न नसकिएको बताउँछन्, बर्दघाट नगरपालिकाका उप-प्रमुख रुद्र प्रकाश उपाध्याय ।

यस आर्थिक वर्षमा पनि हिंसा प्रभावितका लागि आश्रयस्थल भनेर १ लाख ५० हजार बजेट विनियोजन गरिएको छ । सात वटा पालिकामध्ये ६ वटा पालिकाको सामूहिक आश्रयस्थलको रुपमा दाउन्नेदेवी बहुउद्देश्यिय सहकारी संस्थाले सञ्चालन गरेको आश्रयस्थललाई नै साझा कार्यक्रमको रुपमा काम गर्ने गरी तयारी भएको उपाध्यायले बताए । जिल्लामा रहेका बर्दघाट नगरपालिका, रामग्राम नगरपालिका, सुस्ता गाउँपालिका, प्रतापपूर गाउँपलिका, सरावल गाउँपालिका र पाल्हिनन्दन गाउँपालिका ले हिंसा प्रभावितका लागि अस्थाई आवास गृह जिल्ला समन्वय समितिको नेतृत्वमा गर्ने भएका छन् भने सुनवल नगरपालिकाले पालिकामै हिंसा प्रभावितका लागि आवास गृह सञ्चालन गर्ने बताएको छ ।

सुनवल नगरपालिकाकी नगर प्रमुख विमला अर्यालले पालिकामै खाली रहेको भवनलाई मर्मत कार्य गरेर हिँसा प्रभावितका लागि अस्थाई आवास गृह सञ्चालन गर्ने तयारी भएको बताएकी छन् । स्थानीय सरकारमा निर्वाचित भएर आएपश्चात् पहिलो वर्ष बुझ्दैमा गयो यो आर्थिक वर्षमा भने हिंसा प्रभावितका लागि बजेट विनियोजन गरिएको बताउँछिन्, सुस्ता गाउँपालिका उपाध्यक्ष गीता चौधरी । उनी भन्छिन्-"आश्रय स्थलमै राख्नुपर्ने खालको केश वर्षमा ३।४ वटा मात्रै आउँछ । आश्रयस्थलकै लागि भवन बनाउनेदेखि बस्नको लागि उचित वातावरण तयार गराउँदा लगानी धेरै लगाउनु पर्ने भएकोले सातवटै स्थानीय तहका उप-प्रमुख र उपाध्यक्षहरु बैठक बसेर दाउन्नेदेवी बहुउद्देश्य सहकारी संस्थाले सञ्चालन गर्दै खाएको हिंसा प्रभावितका लागि आवास गृहलाई सबै पालिकाबाट सक्दो बजेट विनियोजन गर्ने निर्णय गरेका थियौं । सुस्ता गाउँपालिकाले ५० हजार बजेट महिला सहकारीकै नाममा विनियोजन गरेका छौं ।" सबैको लागि पायक पर्ने स्थान सदरमुकाममा आवास गृह राख्दा पछि कानुनी रुपमा लड्नको लागि पनि सहज हुने बुझाइ छ, गीताको । परिवारिक, सामाजिक, आर्थिक, राजनैतिक र हाम्रा धर्म संस्कारका कारण महिलाहरु दिनानुदिन हिंसामा पर्ने क्रम बढ्दो अवस्थामा रहेको बताउँछिन्, संविधानसभा सदस्य एवम् संस्थाका पूर्व अध्यक्ष सिन्धुजलेसा बुढाथोकी ।

गाउँगाउँमा सिंहदारबार आएकोमा स्थानीय तहले नै विशेष जोड दिएर हिंसा प्रभावितका लागि बजेट विनियोजन गर्नुपर्नें उनको भनाइ छ । उनी भन्छिन्-"हिंसा प्रभावितका आवाज बुलन्ध गर्दै उनीहरुलाई व्यवस्थापन र कानुनी पाटोमा सहयोग गरी पुनःस्थापन गर्नका लागि स्थानीय सरकारसँगै विभिन्न संघसंस्था, नागरिक समाज मिडियाहरुको सहयोगको आवश्यकता छ । दाउन्नेदेवी महिला बहुउद्देश्यीय सहकारी संस्थाले हिंसा प्रभावितका क्षेत्रमा उदाहरणीय काम नै गरेको छ । महिला अधिकार, उद्यमशीलतासँगै स्वरोगजगार बनाउनको लागि पश्चिम नवलपरासीका मात्रै नभएर प्रदेशमै उत्कृष्ट महिला सहकारीबाट सम्मानित संस्था भएको हुँदा सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु पर्छ ।"


## लायन डिष्ट्रिलरी प्रा. लि.
सुनवल न.पा. २, नवलपरासी

### मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु नेपाल अधिराज्यभित्र बिक्री वितरण गर्न आ.ब. ०८१/०८२ को लागि मिति २०८१ /०९ / १६ गतेदेखि लागू हुने गरी निम्न बमोजिमको मूल्य कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | यू.पि. शक्ति | एम. एल | डिलर मूल्य मू.अ.क. समेत प्रति कार्टून | डिलर कमिशन मू.अ.क. समेत प्रति कार्टून | होलसेल मूल्य मू.अ.क. समेत प्रति कार्टून | होलसेल कमिशन मू.अ.क. समेत प्रति कार्टून | रिटेल मूल्य मू.अ.क. समेत प्रति कार्टून | रिटेल कमिशन मू.अ.क. समेत प्रति कार्टून | उपभोक्ता मूल्य प्रति कार्टून | उपभोक्ता मूल्य बोत्तल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| किसमिस सौफ, जलवा, गोल्डेन कोलालि लायन्स किसमिस, LION'S किसमिस सौंफ | ७० | ३०० | १०७४.७३ | १६.८५ | १०९१.५८ | १६.९५ | ११०८.५३ | २११.४७ | १३२०.०० | ४४.०० |
| ८००० हिमचूली | ७० | ३०० | १२२६.०५ | २८.२५ | १२५४.३० | २८.२५ | १२८२.५५ | ५१७.४५ | १८००.०० | ६०.०० |
| LION'S BOBBY ,जेट , Black Tiger, Wild Tiger | ७० | ३०० | १३३०.०१ | २८.२५ | १३५८.२६ | २८.२५ | १३८६.५१ | ७१३.४९ | २१००.०० | ७०.०० |
| LION'S LOVE , जलपरी | ७० | ३०० | ११७५.२० | २८.२५ | १२०३.४५ | २८.२५ | १२३१.७० | ४१८.३० | १६५०.०० | ५५.०० |

नोट : उल्लेखित मूल्यमा अन्तःशुल्क,मू.अ.कर,समावेश गरिएको छ ।



ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# बुटवलमा राष्ट्रपति रनिङ शिल्डको तयारी पूरा




बुटवल । बुटवलमा सञ्चालन हुने अन्तर विद्यालयस्तरीय छैठौं राष्ट्रपति रनिङ शिल्ड २०८१ को तयारी पूरा भएको छ । बुटवल उप-महानगरपालिकाले यही पुस १६ गतेदेखि १८ गतेसम्म सो प्रतियोगिता गर्न लागेको हो । प्रतियोगितामा विभिन्न ५ विद्यामा १ हजार ५ सय २ खेलाडीले प्रतिष्पर्धा गर्ने भएका छन् ।

प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको नगर खेलकुद विकास समितिका संयोजक बोनिन पियाले बताए । खेलकुदमा बजेट बिनियोजन गरिनु सकारात्मक भए पनि खेलाडी पुरस्कार निक्कै कम हुने गरेकोमा त्यसलाई वृद्धि गर्न जरुरी रहेको उनले बताए ।

छात्रा भलिबल एभरेस्ट बोर्डिङ स्कुलको खेलमैदानमा, हाईजम्प कालिका मानवज्ञान माविमा, छात्र भलिबल सिद्धेश्वर खेल मैदानमा गरिने उनले बताए ।

सिद्धेश्वर लाल कुमारी माबि खेल मैदानमा आयोजना हुने प्रतियोगितामा नगरभित्रका सामुदायिक र निजी गरी ५३ विद्यालयहरु सहभागी हुने उनले बताए । जसमा भलिबल, कबड्डी, तेक्वान्दो, कराँते (छात्रछात्रा), एथलेटिक्सलगायत ३ दिनसम्म प्रतियोगिताहरु सञ्चालन हुने उनले बताए ।

कार्यक्रममा नगरप्रमुख खेलराज पाण्डेले पूर्वाधार विकास र खेल विकासमा यो वर्ष साढे ३ करोड रुपैयाँ बजेट बिनियोजन गरिएको बताए । फुटबलको आठ, क्रिकेटको ३ मैदान तयार गर्ने लक्ष्यसहित काम अघि बढेको उनले जनाए । यसैगरि लनटेनिस, बास्केटबल कोर्टहरुमा समेत लगानी भएको उनले जानकारी दिए ।

यो वर्ष बुटवल-१६ को डहरगाउँमा क्रिकेट मैदान निर्माण गर्न ७५ लाख रुपैयाँ, तिलोत्तमा गोल्डकपलाई ३५ लाख रुपैयाँ बिनियोजन गरिएको उनले बताए ।

कार्यक्रममा उपप्रमुख सावित्रादेवी अर्याल, समितिका सदस्यसचिव प्रेम बस्नेत, प्रतियोगिता मूल्यांकन समितिका संयोजक लालहरि पाण्डेले प्रतियोगिताका बारेमा जानकारी दिएका थिए । गतवर्ष कालिका मानवज्ञान माविले उपाधि जितेको थियो ।

## डीएफओमाथि महिलालाई दुर्व्यवहार गरेको आरोप

परासी । डिभिजन वन कार्यालय पश्चिम नवलपरासीका प्रमुख (डीएफओ) जीवन पंगेनीमाथि महिलालाई दुर्व्यवहार गरेको आरोप लागेको छ ।

सामुदायिक वनको कामका लागि कार्यालयमा पुगेका आदर्श सामुदायिक वन उपभोक्ता समूह सुनवल ४ की सचिव तेजकुमारी क्षेत्रीलाई गत मंसिर ९ गते र स्थानीय सामुदायिक वन उपभोक्ता महासंघ सरावलकी उपाध्यक्ष रानी कँवरलाई पुस ११ गते आफ्नै कार्यकक्षमा फाइलमा तोक लगाउन जाँदा जथाभावी गाली, अपशब्द तथा महिला हिंसात्मक अश्लिल शब्द प्रयोग गर्दै दुर्व्यवहार गरेको गुनासो उनीहरुले गरेका छन् ।

फेकोफनका जिल्ला अध्यक्ष शारदा पोखरेल, केन्द्रीय सदस्य कमल परियार, प्रदेश सदस्य नारायण पाण्डेसहित विभिन्न सामुदायिक वनका अभियान्ताहरु जिल्ला प्रशासन कार्यालय पुगेर डीएफओको दुर्व्यवहारबारे प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएका छन् ।

प्रजिअ श्रेष्ठले दुवै पक्षको कुरा सुनेर मात्र आवश्यक कदम चाल्ने बताइन् ।

डीएफओ पंगेनीले भने आफूले कसैलाई पनि दुर्व्यवहार नगरेको बताए ।

# मदन भण्डारी गोल्डकप भलिबलको तयारी पूरा




बुटवल । मदन भण्डारी स्पोर्टस् एकेडेमीको १६औं स्थापना दिवसका अवसरमा बुटवलमा मदन भण्डारी गोल्डकप इन्डो नेपाल रनिङ्गशिल्ड पुरुष भलिबल च्याम्पियनसीप २०८१ आयोजना हुँदैछ ।

पौष १७ देखि २४ गतेसम्म आयोजना हुने उक्त प्रतियोगिताको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने छन् ।

प्रतियोगिताको तयारी पूरा भएको एकेडेमीले जनाएको छ ।

प्रतियोगितामा नेपाल र भारतका विभिन्न आठ वटा समूहले प्रतिष्पर्धा गर्दैछन् । ती समूहमा मदन भण्डारी स्पोर्टस् एकेडेमी, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएएफ क्लब, मणिमुकुन्द भलिबल क्लब, गुजराँत स्टेट भलिवल एशोसिएशन (भारत), गलकोट भलिबल क्लव, रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्र रहनेछन् ।

एकेडेमीका अध्यक्ष ध्रुव आचार्यका अनुसार बुटवलस्थित रामनगर खेलमैदानमा आयोजना हुने प्रतियोगितामा प्रथम पुरस्कार सात लाख, द्वितीय पुरस्कार तीन लाख पचास हजार, तृतीय पुरस्कार एक लाख पचहत्तर हजार, सान्त्वना पुरस्कार एक लाख रुपैयाँ नगद तथा ट्रफी, मेडल र प्रमाण पत्र रहनेछ ।

उत्कृष्ट खेलाडीलाई पच्चिस हजार तथा विभिन्न बिधामा आकर्षक पुरस्कार रहनेछन् ।

पुस १६ गते बुटवलमा प्रतियोगिताको ट्रफी सार्वजनिक गरिने छ ।

बुटवलमा मेलाभित्रको मेला :

# ब्यूटि फेयरको उपाधि इरुमकी रानालाई




बुटवल । बुटवलमा जारी औद्योगिक व्यापार मेलामा आयोजना गरिएको ब्यूटि फेयर २०८१ को उपाधि इरुम ब्यूटि पार्लरकी ममता रानाले हात पारेकी छिन् । उत्कृष्ट १२ मेकअप आर्टिस्टबिच भएको ग्राण्ड फिनालेमा इरुमकी रानाले उपाधिसँगै २० हजार पुरस्कारसहित प्रमाणपत्र र गिफ्ट ह्याम्पर प्राप्त गरिन ।

प्रतियोगितामा फर्स्ट रनरअप सेजल ब्यूटिहोमकी सेजल प्रधान र सेकेन्ड रनरअप सफल लुमी ब्यूटि होमकी दिपु शाहीले प्राप्त गरेका हुन् । उनीहरुलाई क्रमशः १० हजार र ५ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र र गिफ्ट ह्याम्पर प्रदान गरिएको प्रतियोगिताकी संयोजक तथा मेला कार्यसम्पादन समितिकी सदस्य रेनु श्रेष्ठले बताइन् ।

प्रतियोगितामा मेकप आर्टिस्टहरु श्रेया केसी, फेसन डिजाइनर अनुपा श्रेष्ठ र सामाजिक अभियन्ता कल्पना शिवाकोटी जुरी मेम्बरको भूमिकामा रहेका थिए । तिलोत्तमा नगरपालिकाको आर्थिक सहयोगमा आयोजना गरिएको ब्यूटि फेयर २०८१ मा निःशुल्क परामर्श, महिला उद्यमीलाई प्रवर्द्धन, हस्तकलाका सामग्रीहरु बिक्रीलगायतका स्टलहरु राखिएको ब्यूटि फेयर संयोजक श्रेष्ठले जानकारी गराइन ।

बुटवल उद्योग वाणिज्य संघको आयोजना तथा बुटवल उप-महानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा यही पौष ३ गतेखि अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल बुटवल मण्डपमा सञ्चालन गरिएको औद्योगिक व्यापार मेलामा काठमाडौं उपत्यका बाहिर पहिलो पटक ब्युटि फेयर गरिएको हो ।

महिला उद्यमशिलताको विकासका लागि गरिएको ब्यूटि फेयरमा सौन्दर्य कलामा लागेका महिलाहरुका उद्यम तथा अन्य महिला उद्यमीहरुलाई समेत जोडेर १६ वटा स्टल राखिएको छ । त्यस्तै स्किन केयर, हेयर केयर र सौन्दर्यसँग सम्बन्धित विषयमा सेवासँगै विषयविज्ञद्वारा परामर्श, छाला, कपाल तथा नङ श्रीङ्गार तथा सजावटमा प्रयोग गरिने राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीका प्रोडक्टहरु बिक्रीका लागि राखिएको छ ।

मेलामा आइतबार खुला लोक तथा दोहोरी गीत प्रतियोगिता, डान्स च्याम्स अफ बुटवललगायतका प्रतियोगिता भएका थिए । त्यसैगरी गायक राजनराज सिवाकोटी, लोक तथा दोहोरी गायक बैकुण्ठ महत, विष्णु श्रीपाली, लोकेन्द्र सापकोटा, मिसन भुसाल, हास्य कलाकार विष्णुजी पाण्डे, डान्सर साहिर केसीलगायतका कलाकारहरुको प्रस्तुति रहेको थियो ।

त्यसैगरी आज (सोमबार) लोक तथा दोहोरी गायक खेम सेन्चुरी, दिपक गरौंजा, सीता राना, शान्तारानी परियार, मोहन खड्का, रामप्रसाद पौडेल, पुष्पा राना, कल्पना परियार, ब्यूटि रसाल, प्रेम विश्वकर्मा, लोक गायक कमला लम्सालको प्रस्तुति रहने छ । त्यसैगरी अफ्सर अलीको विशेष प्रस्तुति रहने सांस्कृतिक कार्यक्रम संयोजक निर्मित कसजूले जानकारी दिए । सोमबार नै खुला लोक दोहोरी गीत प्रतियोगिता र भ्वाइस अफ बुटवल हुनेछ ।


हार्दिक बधाई तथा शुभकामना




निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश को सुखद् अवसरमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

लोकनाथ उपाध्याय
प्रिन्सिपल (एवं)
न्यू होराइजन अंग्रेजी आवासीय माध्यमिक विद्यालय परिवार
बुटवल-११, रुपन्देही

प्रेम बहादुर बस्नेत
प्रधानाध्यापक (एवं)
नविन औद्योगिक कदर बहादुर रिता मा.वि. परिवार
बुटवल-११, देविनगर, रुपन्देही

दिनेश थापा
प्रधानाध्यापक (एवं)
कालिका मानवज्ञान मा.वि. परिवार
बुटवल-१०, रुपन्देही

टुक बहादुर क्षेत्री
प्राचार्य (एवं)
मणिमुकुन्द सेकेन्डरी स्कुल/कलेज परिवार
बुटवल-११, रुपन्देही




हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com